


# प्रदेश-३



पसलमा सामान खरिद गर्न ग्राहकले झोला आफैं लिएर आए झोलाबराबरको रकम ग्राहकलाई छुट वा फिर्ता दिने र झोला आफैं ल्याउन ग्राहकलाई प्रोत्साहित गर्न व्यापारीलाई अनुरोध गर्नुभएको छ।

## ‘जनताका अपेक्षा सम्बोधन गर्छौं’

नेपाल समाचारपत्र

चितवन

प्रदेश नम्बर ३ का मुख्यमन्त्री डोरमणि पौडेलले बजेट पूर्णरूपमा कार्यान्वयन गरेर प्रदेशलाई समृद्ध बनाउने बताएका छन्। बुधबार भरतपुरमा एभिन्यूज खबरको ११औं वार्षिकोत्सवका अवसरमा आयोजित संघीय बजेट र प्रादेशिक विकास विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री पौडेलले पर्याप्त स्रोत साधन र भौतिक संरचनाको कमी भए पनि बजेट शतप्रतिशत कार्यान्वयन गर्ने बताए। ‘काम गर्न सके कुनै पनि क्षेत्रमा बजेटको अभाव हुँदैन’, उनले भने- ‘९ महिनामा ७० प्रतिशत बजेट कार्यान्वयनको योजनामा छौं।’ उनले कागजमा मात्रै बनेको संघीयता विस्तारै व्यवहारमा लगिँदै गएको बताए। संघीयताको नयाँ अभ्यासमा जनताको धेरै अपेक्षा रहेको भन्दै उनले ३ तहका सरकारको समन्वयबाट समृद्धि हासिल गर्ने बताए। जनताका अपेक्षा प्रदेश सरकारले विस्तारै सम्बोधन गर्दै जाने मुख्यमन्त्री पौडेलले प्रतिबद्धता जनाए।

कार्यक्रममा बोल्दै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री दावा दोर्जे लामाले प्रदेश सरकारले कृषिलाई विशेष प्राथमिकतामा राखेको बताए। उनले कृषि बीमालाई व्यवस्थित गर्दै परिणाममुखी अनुदानको व्यवस्था गर्न लागिएको जानकारी दिए। उत्पादनका आधारमा अनुदानको व्यवस्था गर्न लागिएको मन्त्री लामाले जानकारी बताए। प्रदेशका १३ वटै जिल्लामा कोल्ड स्टोर निर्माण गरेर उत्पादन र व्यवसायीकरणमा जोड दिइने उनले बताए। हिजोका ऐन कानुन संशोधन गरेर भए पनि जनताले राहत पाउने योजना सरकारले अघि सारेको मन्त्री लामाको भनाइ छ।

कार्यक्रममा सहभागिले समानुपातिक विकासको अवधारणालाई अघि बढाउनुपर्नेमा जोड दिएका थिए। उनीहरूले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगको विकास गरी प्रदेशलाई समृद्ध बनाउन सकिने सुझाव दिए। कुरा भन्दा पनि काम गर्नेतर्फ सरकार केन्द्रित हुन उनीहरूले आग्रह गरे।

कार्यक्रममा उठेका विषयवस्तुको टिप्पणी गर्दै उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा तिलचन्द्र भट्टराईले बजेट यथार्थपरक रहेको भन्दै कार्यान्वयनमा जोड दिनुपर्ने बताए। उनले ४६ करोड रकम प्रदेश सरकारले चितवनका स्थानीय तहमा विनियोजन गरेको भन्दै त्यसलाई व्यवहारिक बनाउने जिम्मा सबैको भएको बताए।

यस्तै अर्थविद् कपिल सुवेदीले प्रदेश सरकारले समानुपातिक विकास प्रणाली अवलम्बन गर्नुपर्ने भन्दै तराइको तुलनामा पहाडी क्षेत्रमा बजेट र कार्यक्रम धेरै पर्नु स्वाभाविक भएको तर्क गरे। उनले समथर भागमा बढ्दो जनघनत्वको मागलाई कम गर्न पहाडी भेगमा विकास निर्माणलाई तीव्रता दिनुपर्ने बताए।

उद्योग वाणिज्य संघ प्रदेश नम्बर ३ का उपाध्यक्ष राजन गौतमले उद्योगमैत्री वातावरण र लगानीका सम्भावनालाई प्रदेश सरकारले जोड दिनुपर्ने बताए। यस्तै प्रदेश सांसद मिलनबाबु श्रेष्ठले सबै क्षेत्रलाई समेटर प्रदेश सरकारले काम गर्न सक्नुपर्ने बताए। उनले प्रदेश सरकार आफैं आर्थिकरूपले बलियो बन्नेतर्फ ध्यान दिन आग्रह गरे।

कार्यक्रममा रत्ननगर नगरपालिकाका मेयर नारायण वन, राप्ती नगरपालिकाकी मेयर प्रभा बराल, उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष चुननारायण श्रेष्ठ, पर्यटन विकास समिति चितवनका महासचिव विश्व सुवेदी, चिकित्सक डा भोजराज अधिकारी, क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष सुमन घिमिरे, केरा व्यवसायी संघ चितवनका पूर्वअध्यक्ष यज्ञ सुवेदी, रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष राजाराम रेग्मीलगायतले बोलेका थिए।

## खानीखोलाका खयर तस्करी पक्राउ

मोतीराम तिमल्सिना, काभ्रे

निषेधित वन पैदावार खयर प्रजातिको अवैधरूपमा तस्करी गर्ने २ जनालाई जिल्ला वन कार्यालयले पक्राउ गरी मुद्दा दर्ता गरेको छ।

प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले खानिखोला गाउँपालिकामा भएको तस्करीका बारेमा सार्वजनिक स्थानबाटै कारबाही गर्न निर्देशन दिएपछि वन कार्यालयले अनुसन्धान गरी तस्करीलाई पक्राउ गरेको हो। जिल्ला वन कार्यालयले इलाका वन कार्यालयका प्रमुख सहायक वन अधिकृत अशोक पराजुलीलाई अनुसन्धान अधिकृत तोकेको थियो। टोलीले ५२ वटा रूख काटिएको तथ्य फेला पारेको छ। जेठ ५ गते खानिखोला गाउँपालिका-५ सिक्रे दोभानमा ३ सय १३ गिन्डा खयर जातका काठ फेला पारेपछि अनुसन्धानलाई तीव्र बनाइएको थियो। २०९.७१ क्युफिट काठ बरामद भए पनि त्यति नै मात्रामा काठ बिक्री भइसकेको अनुसन्धानबाट फेला परेको छ। खानिखोला गाउँपालिका ४ जगतथलीमा रहेको सार्वजनिक वनका ५० वटा रूख र निजी आवादीभित्र रहेको २ वटा रूख काटिएका ठुटा पत्ता लागेका छन्।

हरेक वर्ष उक्त क्षेत्रबाट सयौं क्युफिट काठ मकवानपुरको भोर्लेनी हुँदै तस्करी हुँदै आएको थियो। जिल्ला वन कार्यालयका कर्मचारी, स्थानीयको समेत मिलेमतोमा उक्त काठ तस्करी हुँदै आएको छ। यो पटक पनि स्थानीय जनप्रतिनिधिको समेत मिलेमतो भएको भए पनि वन कार्यालयले अनुसन्धानका क्रममा २ जनालाई मात्रै पक्राउ गरेको छ। स्थानीय भगतबहादुर गोलेको जमिनको २ वटा रूख र उनकै सीमानामा रहेको सार्वजनिक जग्गाबाट काठ तस्करी भएको फेला परेको हो। तस्करी गर्नेमा मकवानपुर जिल्ला बाग्मती गाउँपालिका-५ भोर्लेनीका पञ्चवीर रुम्बा रहेका छन्। मकवानपुर, सिन्धुली र काभ्रेको सीमानामा उक्त काठ लुकाई राखिएको अवस्थामा फेला परेको थियो। अनुसन्धान टोलीले जेठ २७ गते उनीहरूलाई नियन्त्रणमा लिई कारबाही शुरू गरेको छ।

वन ऐन २०४९ को ‘घ’ अनुसार वन क्षेत्रबाट वन पैदावार ओसारपसार तथा बिक्रीवितरणसम्बन्धी व्यवस्थाले पक्राउ परेकामध्ये रुम्बालाई विगोबराबरको जरिवाना र १ वर्षसम्म कैदको व्यवस्था छ। अनुसन्धान टोलीले उक्त काठको मूल्य २ लाख ७८ हजार रुपियाँ तोकेको छ। स्थानीय जनप्रतिनिधिको समेत मिलेमतोमा भएको तस्करी नियन्त्रणका लागि स्थानीयले पक्राउ परेकालाई कैदको माग गरेका छन्।

## गाउँपालिकालाई खानेपानी आयोजना हस्तान्तरण

शालिकराम चालिसे, नुवाकोट

नुवाकोटको तादी गाउँपालिका वडा नं २ र ३ मा रहेको सप्टुङखोला खानेपानी आयोजना गाउँपालिकालाई हस्तान्तरण गरिएको छ। तादी गाउँपालिकामा भएको कार्यक्रममा तादी गाउँपालिकाका अध्यक्ष नारायण पाण्डेलाई प्रतिनिधिसभाका सांसद हितकहादुर तामाङ र सहायता सामाजिक संस्थाका अध्यक्ष शिवराम रिजालले संयुक्तरूपमा खानेपानी आयोजना हस्तान्तरण गर्नुभएको हो।

नेपाल भूकम्पप्रतिकार्य कार्यक्रमअन्तर्गत अक्सफाम र सहायता सामाजिक संस्थाको संयुक्त आयोजनामा सप्टुङखोला खानेपानी आयोजना निर्माण गरिएको हो। आयोजनाको लागत १८ लाख ३८ हजार १ सय ४५ रुपियाँ रहेको सहायता सामाजिक संस्थाका अध्यक्ष शिवराम रिजालले बताउनुभयो। खानेपानी आयोजनाबाट तादी गाउँपालिकाका वडा नं २ र ३ का २ सय ८० घरधुरीले स्वच्छ र सफा पानी पिउन पाएको अध्यक्ष रिजालले बताउनुभयो। खानेपानी आयोजनाबाट साविकको रालुकादेवी गाविसअन्तर्गतका १,८ र ९ वडाका करिब २ सय ८० घरधुरी लाभान्वित हुनेछन्।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभाका सांसद हितबहादुर तामाङले रालुकाको विकासका लागि यो आयोजना कोसेढुंगा सावित हुने बताउनुभयो। उहाँले यो आयोजनाबाट रालुकाबासीले तरकारी खेतीलगायत विविध आयअनर्जनका काम गर्न सक्ने बताउनुभयो। त्यस्तै तादी गाउँपालिकाका अध्यक्ष नारायण पाण्डेले साप्टुङ खानेपानी आयोजनाले रालुकाको खानेपानी समस्या समाधान भएको भन्दै त्यसलाई व्यवस्थितरूपमा सञ्चालन र रेखदेख गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा सप्टुङखोला खानेपानी उपभोक्ता समितिका अध्यक्ष मननसिंह तामाङले आयोजना निर्माणले आफूहरूको जीवनमा परिवर्तन ल्याउने बताउनुभयो। गाउँमा पानी नहुँदा पानी लिन जान घन्टौं लाग्ने समस्या हटेको तामाङले बताउनुभयो।

त्यस्तै गाउँमा खानेपानी पुगेपछि घर पुनर्निर्माण शुरू गर्न पाएको स्थानीय वीरबहादुर तामाङले बताउनुभयो । पानी अभावले डाँडागाउँमा पुनर्निर्माणसमेत रोकिएको थियो। आयोजनाको लागत १८ लाद ३८ हजार १ सय ४५ रुपियाँ रहेको सहायता सामाजिक संस्थाका अध्यक्ष शिवराम रिजालले बताउनुभयो। आयोजनाको अवधि २० वर्ष रहेको छ। आयोजनाबाट १९ सय जना लाभान्वित भएका छन्।

## ‘प्लास्टिकमुक्त’ का लागि सुझाइयो उपाय

रोशन पराजुली, हेटौंडा

सभा, समारोह, गोष्ठी, व्यापार, व्यवसायसँग सम्बन्धित कार्यक्रममा प्लास्टिकको व्यानर प्रयोग हुन थालेको र यसको वातावरणमैत्री व्यवस्थापन हुन नसकेको अवस्थामा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई ध्यानमा राखी हेटौंडा उपमहानगरले विशेष योजनाको तयारी गर्ने बताए पनि त्यसो हुन सकेको छैन।

पोलिथिन झोला र प्लास्टिक कपलाई निरुत्साहित गर्ने योजना हाल सेलाएको छ। यही अवस्थामा प्रदेश-३ ले नै आगामी आर्थिक वर्षमा प्लास्टिकमुक्त शहर बनाउने लक्ष्य राखेको छ। प्रदेश प्रमुख अनुराधा कोइरालाले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै यस्तो बताउनुभएको हो।

हेटौंडा उपमहानगरपालिकाले नगरपालिका कार्यालयमा कामका लागि जाने सेवाग्राहीलाई प्लास्टिक झोलासहित प्रवेशमा रोक लगाउन थालेको थियो। उपमहानगरपालिकाले प्लास्टिक झोलामा प्रतिबन्ध लगाउने संकल्प गरेकाले यस्तो कार्य थालिएको थियो। प्लास्टिकलाई नियन्त्रणमात्र गर्नसके फोहोरमा धेरै नियन्त्रण हुने भएकाले यस्तो कार्यलाई ‘कडाइका साथ’ लागू गरिएको थियो।

हेटौंडा नगरपालिकाले देशमा पहिलोपटक नगरलाई ‘प्लास्टिक झोलामुक्त क्षेत्र’ घोषणा गरेको थियो। प्लास्टिक झोलाले वातावरण प्रदूषण गरेकाले केही युवाले ‘पर्दैन, मसँग आफ्नै झोला छ’ भन्ने अभियान पनि चलाए। युवाले प्लास्टिक झोलाविरुद्ध हस्ताक्षर पनि बटुलेका थिए।

हाल हेटौंडा मुख्य बजारमा प्लास्टिक झोला बोकेर हिँडेका मान्छे भेटिन्छन्। नगरपालिकाले निगरानी कम गर्दा प्लास्टिक झोलाको उपभोग बढ्दै गएको हो। प्लास्टिक प्रयोग पुरानै अवस्थामा फर्किए पनि नगरपालिकाले यसबारे बजार अनुगमन गरेको छैन। प्लास्टिक झोलामा सामान दिने र बोक्ने बानी परेका व्यापारी तथा उपभोक्तालाई परेको प्रभाव हाल मत्थर भएको छ।

प्लास्टिक झोलाको उपयुक्त विकल्प अभावले दुवै पक्ष समस्यामा परेका हुन्। उपभोक्ता घरबाट झोला बोकेर जान अभ्यस्त नभएकाले पनि समस्या बढेको हो।

प्लास्टिक प्रयोग नगर्ने बानीले सर्वसाधारण उपभोक्ताको स्वास्थ्यलाई फाइदा गर्छ। प्लास्टिक नकुहिने रसायनिक वस्तु भएकाले यसले वातावरणलाई निकै प्रदूषित बनाउँछ। जसको असर आम उपभोक्तालाई परिरहेको छ।

प्लास्टिकजन्य फोहोर जलाउँदा निस्किने विषाक्त ग्यासले क्यान्सरलगायत रोग लाग्ने, प्लास्टिक झोलाले माटोको उर्वराशक्ति घटाउने, जमिनमा पानी रिचार्ज हुन नदिने, नाला तथा ढल जाम गरी मानव स्वास्थ्यमा प्रतिकूल असर पार्नुका साथै शहरी सौन्दर्य पनि घटाउने भएकाले यसको प्रयोगमा प्रतिबन्ध लगाउने नीति नगरपालिकाको भए पनि आम उपभोक्ता यसमा सचेत र जिम्मेवार बन्न सकेका छैनन्। यहाँ संकलन हुने फोहोरमा करिब २५ प्रतिशत प्लास्टिक झोला हुन्छन्।

उपभोक्ता सचेत नबन्दा प्लास्टिक झोलामा सामान दिनुपरेको व्यापारी गुनासो गर्छन्। धेरै उपभोक्ता भने सामान किनिसकेपछि पसलले नै वैकल्पिक झोला दिनुपर्ने मानसिकतामा भेटिन्छन्।

हेटौंडालाई ‘प्लास्टिकमुक्त’ घोषणा गरिए पनि व्यवहारमा लागू नभएको र प्लास्टिक झोलाका कारणले नराम्रो प्रभाव परेको भन्दै प्लास्टिक झोला नियन्त्रणका लागि जनसरोकार केन्द्र मकवानपुरले सुझाव दिएको हो।

जनसरोकार केन्द्र मकवानपुरका संयोजक अधिवक्ता ध्रुवप्रसाद चौलागाईंले पसलमा सामान खरिद गर्न ग्राहकले झोला आफैं लिएर आए झोलाबराबरको रकम ग्राहकलाई छुट वा फिर्ता दिने र झोला आफैं ल्याउन ग्राहकलाई प्रोत्साहित गर्न व्यापारीलाई अनुरोध गर्नुभएको छ।


## नुहाउने क्रममा डुबेर मृत्यु

नुवाकोट (नेस)

नुवाकोटको तादी गाउँपालिका वडा नं ४ को तादी खोलामा नुहाउने क्रममा १ युवकको डुबेर मृत्यु भएको छ। मृत्यु हुनेमा तादी गाउँपालिका वडा नं ४ का २४ वर्षीय डिल्ली विक रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी प्रमुख वसन्त कुँवरले बताउनुभयो। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५ असार
बिहीबार
७

प्रजनन स्वास्थ्य शिक्षा, शाररीरिक, मानसिक र संवेगात्मक अवस्थाको विश्लेषण र व्यस्थापन गर्न किशोरी शिक्षा आवश्यक रहेको छ।

# नेपाल

# मापदण्डविपरीत सडक निर्माण गर्ने होडबाजी

विमल विष्ट, डोटी

प्रदेश नम्बर ७ को पहाडी जिल्ला डोटीमा विगत केही समययतादेखि वातावरणीय प्रभाव मूल्यांकनबिना नै धमाधम सडक निर्माण भईरहेका छन्। विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने र वन क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन नगरेरै सडक बनाउने होडबाजी नै चलेको छ।



अधिकार सम्पन्न जनप्रतिनिधिका अगाडि जिल्ला वन कार्यालय निरिह बनेको छ। वातावरणीय प्रभाव मूल्यांकनबिना नै जिल्लामा धमाधम सडक निर्माण हुँदा जोखिम बढाएको स्थानियबासीको आरोप छ। डोटी जिल्लाका केआईसिंह, बोगटान, बड्डीकेदार, आदर्श, सायललगायतका गाउँपालिकामा यो वर्ष शुरू गरेका दर्जनौं ग्रामीण सडकको वातावरणीय प्रभाव मूल्यांकन गरिएको छैन।

चुनावमा गरिएका वाचा पूरा गर्ने नाममा जनप्रतिनिधिले मापदण्डविपरीत जिल्लाभरि वन क्षेत्रमा निर्वाधरूपमा सडक बनाइरहेको केआईसिंह गाउँपालिका दल्लका स्थानीय शेरबहादुर ऐरले बताउनुभयो। उहाँले भन्नुभयो- 'भोट माग्ने बेला नेताले जहाँजहाँ सडक पुर्‍याउँला भनेका थिए, सोही क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकनबिना नै सडक काटिन थालेका छन्, यो त नेताको वाचा पूरा गर्ने काम मात्रै भएको छ।' डोटीलगायत यहाँका अन्य जिल्लामा पनि वातावरणीय प्रभाव मूल्यांकनबिना नै धमाधम सडक काटिन थालेका छन्।

वरपरका बस्तीलाई नै जोखिम पार्ने गरी सडक निर्माण गरिए पनि जनप्रतिनिधिको अगाडि केही गर्न नसकेको जिल्ला वन कार्यालय डोटी सहायक वन अधिकृत शुरेसचन्द्र डीसीले बताउनुभयो। उहाँले भन्नुभयो- 'बस्ती नै जोखिममा पारेर सडक काटिएको हामीले देखेका छौं, जनप्रतिनिधि हामीभन्दा पावरफुल छन्, उहाँहरूसामु हामी निरिह भएका छौं।'

विस्तृत योजना प्रतिवेदनको नाममा लागत स्टिमेट, लाभान्वित घरधुरी, कुल खर्च, सडकको चौडाइ र लम्बाइको अध्ययन गरिएको छ। तर वन क्षेत्रमा कुनै पनि विकास निर्माण गर्दा वातावरणीय प्रभाव अध्ययन गर्नैपर्ने प्रावधान रहे पनि उक्त नियमको भने खिल्ली उडाइएको वन कर्मचारीको आरोप छ।

वातावरणीय प्रभाव मूल्यांकन नगरी बनाएका सडकले निम्त्याउने जोखिमप्रति स्थानीय सरकार गम्भीर नदेखिएको स्वयं स्थानीयको आरोप छ।

डोटीको केआईसिंह गाउँपालिकाका इन्जिनियर पुष्पकमल उपाध्यायले पनि वातावरणीय प्रभाव मूल्यांकनबिना सडक निर्माण गरेको स्वीकार गर्नुभयो। वन क्षेत्रमा जथाभावी सडक निर्माण गर्ने होडबाजी नरोकिए ठूलो जोखिमको सम्भावना रहेको जिल्ला वन कार्यालय डोटीका वन अधिकृत बद्रिकुमार कार्कीको भनाइ छ।

अधिकार सम्पन्न जनप्रतिनिधि आफ्नो स्थानीय तहमा काम गर्दा कसैको पनि अनुमति आवश्यक नभएको दम्भका साथ अगाडि बढिरहेका छन्। त्यसैले वातावरणीय प्रभाव मूल्यांकनजस्तो गम्भीर विषयमा पनि उनीहरूको ध्यान जान सकेको छैन। वन क्षेत्रभित्र विकास निर्माण गर्दा कसरी पर्यावरणमैत्री बनाउने र कम क्षति गर्ने त्यो विषयमा पनि कसैको ध्यान गएको छैन। यसले विकासभन्दा विनाश बढी गर्ने डोटी उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र खड्काले बताउनुभयो।

# घरघरै गर्भवती जाँच

पर्वत, (नेस)

मोदी गाउँपालिका क्षेत्रभित्र आगामी आर्थिक वर्षदेखि गर्भवती र सुत्केरी महिलाको घरमै पुगेर नियमित स्वास्थ्य जाँचको सेवा दिइने भएको छ । स्वास्थ्य सेवा प्रभावकारी बनाउन सरोकारवालासहितको छलफलमा गर्भवती र सुत्केरीको सेवामा बढी जिम्मेवार हुने निर्णय भएको हो ।

गाउँपालिका अध्यक्ष प्रेम पौडेलका अनुसार हरेक वडाका स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मीलाई तथ्यांक संकलन गराइनेछ । 'स्वास्थ्य संस्थामा पहिलोपटक जाँच्न आएकाको निगरानी हुन्छ', उनले भने- 'त्यसपछि स्वास्थ्यकर्मीले घरमै पुगेर नियमित परीक्षण गर्छन्।' संस्थागत सुत्केरी संख्या बढाउन गाउँपालिकाले हरेक स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर निर्माण गर्न पहल गरिने उनले बताए । भेलाले आगामी वर्ष संस्थागत सुत्केरी संख्या कम्तीमा ८० पुर्‍याउन पहल गर्ने निर्णय गरेको छ। स्वास्थ्य संयोजक उमेशकुमार अधिकारीका अनुसार मोदीका ८ वटै वडाको रेकर्डमा स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या ४० को हाराहारी मात्रै छ।

नियमित गर्भ जाँच र सुरक्षित प्रसूति सेवाको ग्यारेन्टीका लागि आवश्यक परे सहुलियत र सुविधासमेत बढाउने योजना छ। 'तत्कालका लागि कार्ययोजना बनाउन मात्रै १ लाख बजेटको व्यवस्था छ', प्रवक्ता एवं मोदी-६ का अध्यक्ष विमल लामिछानेले भने- 'कार्ययोजनाबमोजिम काम शुरू भएपछि मागअनुसारको बजेट गाउँपालिकाले दिन्छ।' त्यसका लागि गाउँपालिकाले पूरक कोषको व्यवस्था गर्नेछ।

# १सय १० कुकुरको बन्ध्याकरण

सल्यान, (नेस)

सल्यानमा १ सय १० कुकुरलाई बन्ध्याकरण तथा रेबिजविरुद्धको खोप दिइएको छ। शारदा नगरपालिकाको पशु सेवा शाखाको आयोजनामा कुकुरको बन्ध्याकरण गरिएको नगरपालिकाले जनाएको छ।

नगरभित्र रहेका, घरमा पालेका र घरबाहिर रहेका कुकुरलाई रेविजविरुद्धको भ्याक्सिन दिइएको र बन्ध्याकरण गरिएको हो। नगरभित्र रहेका १ सय १० कुकुरको बन्ध्याकरण गरियो भने बाँकी ५५ भन्दा धेरै कुकुरलाई रेविजविरुद्धको भ्याक्सिन दिइएको छ। भाले कुकुर ५७ र पोथी कुकुर ५३ गरी १ सय १० को बन्ध्याकरण गरिएको हो।

छाडा कुकुरलाई कम गर्न र मानिसमा लाग्ने रोग कुकुरबाट पनि सर्ने भएको हुनाले यसको न्यूनीकरण गर्ने उद्देश्यले कुकुरको बन्ध्याकरण तथा रेबिज खोप दिइएको शारदा नगरपालिकाका मेयर सुरेश अधिकारीले बताउनुभयो। उहाँका अनुसार भुस्याहा कुकरलाई कम गर्नका लागि रेबिजविरुद्धको भ्याक्सिन दिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सदरमुकाम खलंगामा मात्र १ सय भुस्याहा कुकुर छन्, ती कुकुरले यहाँ रहेका पशुलाई आक्रमण गर्ने, खाइदिने गरेका छन्।' यिनलाई मारेरभन्दा पनि बन्ध्याकरण र रेबिजविरुद्धको भ्याक्सिनबाट नै कुकुर आफैं घटेर जान्छन्, जसका लागि नगरपालिकाले शिविरको आयोजना गरेको मेयर अधिकारीले बताउनुभयो।

पछिल्लो चरणमा भुस्याहा कुकुरलाई मार्ने मानसिकता धेरै भएकाले मार्नुभन्दा पनि बन्ध्याकरण र रेबिजविरुद्धको भ्याक्सिनले कुकुरहरू बढ्नमा कम हुने सञ्चालक खगेश्वर भट्टराईले बताउनुभयो। उहाँले भन्नुभयो- 'कुकुर बन्ध्याकरण गर्नाले कुकुर पनि बढ्न पाउँदैनन्, रोग पनि कम हुन्छ, जसका लागि घरमा रहेका कुकुरलाई ७० प्रतिशत खोप लगाइसकेको हुनुपर्दछ।' कुकुरबाट धेरै किसिमका रोग सर्ने भएकाले बन्ध्याकरणबाट नै नियन्त्रण गर्न सकिने सञ्चालक भट्टराईले बताउनुभयो।

# कागजमै सीमित खुला दिसामुक्त

उत्तम नेपाल, भद्रपुर

स्थानीय जनप्रतिनिधि तथा कर्मचारीले खुला दिसामुक्त क्षेत्र घोषणा कागजमामात्र सीमित राखेको पाइएको छ। झापाको भद्रपुर नगरपालिकाअन्तर्गत रहेका १० वटा वडामध्ये पछिल्लो पटक घोषणा गरिएको वडा नम्बर ९ मा चर्पी नै नबनाई घोषणा गरेपछि उनीहरूको कागजी घोषणा बाहिर आएको हो।

साविक चन्द्रगढी गाविस हाल भद्रपुर-९ का अधिकांश घरमा चर्पी नबनाएको पाइएको छ। आर्थिक अवस्था दयनीय भएको घर होस् वा सक्षम दुवै बासिन्दाको घरमा चर्पी पाइएको छैन। केही बस्तीमा गरेको अनुगमनमा रिङ ल्याएर राखेको पेना नदिएको, कसैलाई पेना दिएको बनाउने खर्च नदिएको पाइएको छ, भने कुनै बस्तीमा ३ घरको एउटै चर्पी भएको समेत फेला परेको छ।

त्यसैगरी बस्तीमा बारम्बार वडाअध्यक्षलाई फोन गर्दा नगरपालिकाको साधन खाली छैन आफैंले साधन लिएर सामान लैजाने भन्नेसम्मका गुनासा बाहिर आएका छन्। रिङ त पाए पनि टिना र ग्यास पाइप नपाएका कारण चर्पी अधुरै रहेको लुक्की हस्ता बताउँछिन्। पेनासहितको ट्याङ्की भएकाले भरपर्दो नहुने उनले बताइन्।

प्रत्येक घरमा चर्पी हुनु पर्नेमा एउटै चर्पीमा ३ घरको भएकाले घोषणाको कुनै औचित्य नरहेको घनश्याम रेग्मी बताउँछन्। हालसम्म जनप्रतिनिधि चर्पी बनाऊ भन्दै नआएको उनले बताए। हचुवाको भरमा कागजी घोषणा भएको उनले आरोप लगाए। स्थानीय दोर्जे बास्केको घरमा रिङबाहिरै अलपत्र अवस्थामा फेला परेको पाइएको छ। चर्पी बनाउन थालेमा भरे खाने सामान नहुने भएकाले घरका मान्छे सबै काममा गएको छिमेकीले जानकारी दिए। अर्का हर्कबहादुर विश्वकर्मा भने नजिकै रहेको हडिया खोलामा दिसा गर्ने गरेको बताउँछन्। 'बनिबुतो नगरे मुखमा माड लाग्दैन, सडकमा ल्याएर ३ वटा रिङ फालिदिएका छन्' -उनले भने।

चर्पीका लागि बारम्बार वडाअध्यक्षलाई जानकारी गराउँदा सुनुवाइ नभएको देउनारायण पराजुलीले गुनासो गरे। वडाअध्यक्षले रिङमा पानी हाल्न जानु भनेपछि २ दिनसम्म घरदेखि टाढा बनाउँदै गरेको रिङमा पानी हाल्न गएको उनले सुनाए।

# घरेलु मदिरा नष्ट

लमजुङ, (नेस)

लमजुङमा प्रहरीले घरेलु मदिरा बरामद गरी स्थानीयबासीको रोहबरमा नष्ट गरेको छ। बेंसीशहर नगरपालिका-१ का ३ जना व्यक्तिको घरबाट घरेलु मदिरा बरामद गरिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक रामशरण रानाको कमान्डमा खटिएको १० जनाको टोलीले बेंसीशहर नगरपालिका-१ गैरीस्थित चिप्लेटीमा घरेलु मदिरा बरामद गरी नष्ट गरेको हो। होटलमा चेकजाँच गर्ने क्रममा अवैधरूपमा बिक्रीवितरण गर्न राखेका अवस्थामा बरामद गरिएको प्रहरी नायव निरीक्षक रामशरण रानाले बताउनुभयो। उहाँका अनुसार नगरपालिका-१ गैरीस्थित चिप्लेटी बस्ने अशोककुमार गुरुङको होटलबाट १० ड्रम (२०० लिटर) र मदिरा उत्पादन गर्न तयार पारिएको कच्चा पदार्थ बरामद गरिएको हो।

यसैगरी सोही स्थानका सोमबहादुर विकको होटलबाट ६० लिटर घरेलु मदिरा र सोही गाउँका नन्द गुरुङको होटलबाट ३ ड्रम (६० लिटर) मदिरा र घरेलु मदिरा उत्पादन गर्न तयार पारिएको कच्चा पदार्थ नष्ट गरिएको रानाले जानकारी दिनुभयो।

सो अवसरमा घरेलु मदिरा तथा मदिरा उत्पादन गर्न राखिएका कच्चा पदार्थ बरामद गर्दै एकमुष्ट संकलन गरी स्थानीय मानिसको उपस्थितिमा सोही स्थाननजिक नष्ट गरिएको हो। सो क्रममा उनीहरूलाई अबका दिनमा अवैधरूपका मदिरा उत्पादन नगर्न निर्देशन दिइएको छ।

# किशोरीलाई स्यानेटेरी प्याड तालिम

सरिता चलाउने, सल्यान

सल्यानको कुमाख गाउँपालिकाले किशोरीलाई स्यानेटेरी प्याड बनाउने सीप सिकाउन सिकाइ अभियान थालेको छ। किशोरीले महिनावारीको समयमा सरसफाइमा ध्यान नदिने, महिनावारीको समयमा बग्ने रगतको व्यवस्थापनका लागि आवश्यक पर्ने प्याड बनाउन तालिम सञ्चालन गरिएको छ।

गाउँपालिकाभित्र रहेका ८ मावि र २१ निम्न माध्यामिक विद्यालयमा कक्षा ६ देखि १० कक्षामा अध्यनरत १ हजार ६ सय ५२ किशोरीलाई प्याड बनाउने सीप सिकाइने कुमाख गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मानसिंह वलीले बताउनुभयो। उहाँले भन्नुभयो- 'यो वर्ष ३ सय ५८ जनालाई स्यानेटेरी प्याड निर्माणको सीप प्रदान गरिनछ।'

महिनावारी प्राकृतिक प्रक्रिया हो। तर यसलाई बुझ्ने समाजमा रहेको परम्परागत मूल्य मान्यता र व्यवहारले समस्या ल्याएको छ। यसलाई जनचेतना निर्माण गरेमात्र सही व्यवस्थापन गर्न सकिने भएकाले किशोरीलाई सीपमूलक ज्ञान प्रदान गर्न अभियान नै शुरू गरेको कुमाख गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विनोद अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो- 'किशोरीलाई सीप हस्तान्तरण गर्दा महिनावारी व्यवस्थापनमा सहज हुन्छ।'

प्रजनन स्वास्थ्य शिक्षा, शाररीरिक, मानसिक र संवेगात्मक अवस्थाको विश्लेषण र व्यस्थापन गर्न किशोरी शिक्षा आवश्यक रहेको छ। किशोरावस्थामा उत्पन्न हुने प्राकृतिक परिवर्तनलाई सही किसिमले व्यवस्थापन गर्न किशोरी केन्द्रित कार्यक्रम सञ्चालन गरेको गाउँपालिका अध्यक्ष दिलमाया बुढामगरले बताउनुभयो। उहाँले भन्नुभयो- 'भयो जीवन उपयोगी शिक्षा दिएर महिनावारीलाई सही व्यवस्थापन गर्न सकिन्छ। यो समयमा आउने समस्यालाई न्यूनीकरण गर्न सकिन्छ।'

यहाँका सबै ठाउँमा स्यानेटेरी प्याड उपलब्ध हुँदैन। भएको ठाउँमा सर्वसाधारणको पहुँचमा छैन। प्रयोग गर्ने चेतनाको अभाव छ। सहजरूपमा कपडा पाइने भएकाले प्याड निर्माण तालिम सञ्चालन गरिएको हो।

एक पटक महिनावारी हुँदा कम्तीमा पनि १ सय ५० रुपियाँबराबरको स्यानेटेरी प्याड खर्च हुन्छ। गाउँमा बनाउँदा आफैंभन्दा पैसाको पनि बचत हुन्छ। किशोरीले बनाएको स्यानेटेरी प्याडलाई पुनः प्रयोग गर्नसमेत सकिन्छ। एक पटक प्रयोग गरेको प्याडलाई साबुनपानीले धोएर घाममा सुकाइ प्रयोगमा ल्याउन सकिने समेत सकिने कुमाख गाउँपालिका स्वास्थ्य प्रमुख मानसिंह वलीको भनाइ छ। सिकाइमा सहभागी छात्रालाई खाजा र सामग्रीको समेत व्यवस्था गरिएको छ। प्रत्येक वर्ष किशोरीलाई स्यानेटेरी प्याड निर्माण गर्ने सीप सिकाइनेछ। सीप सिकाउन यो वर्ष १८ जना अनमीलाई परिचालन गर्ने गाउँपालिकाले जनाएको छ। अभियान शुरू गर्नुपहिले अनमीलाई तालिम दिइएको थियो।

# बस्ती भत्काउने महानगरको तयारीपछि सुकुम्बासी आन्दोलित

सरोज यादव, विराटनगर

विराटनगर-१२ सिमराही टोलका सुकुम्बासी विराटनगर महानगरपालिकाले बस्ती भत्काउन ३५ दिने सूचना जारी गरेपछि आन्दोलित भएका छन्। उनीहरूले महानगरपालिकाले सडक विस्तारका नाममा पुस्तौंदेखि बस्दै आएको आफ्नो बस्ती भत्काउन पठाएमा आफूहरू मर्न तयार रहेको तर बस्ती भत्काउन नदिने बताएका छन्।

विराटनगर वार्ड नम्बर १२ सिमराही टोलका सुकुम्बासीहरू विराटनगर महानगरपालिकाले बस्ती भत्काउन ३५ दिने सूचना जारी गरेकोमा आन्दोलित भएका हुन्। उनीहरूले महानगरपालिकाले सडक विस्तारका नाममा बिनाविकल्प बस्ती भत्काउन पठाएमा आफूहरू प्रतिकारमा निस्कने र त्यसको सम्पूर्ण जिम्मा महानगरपालिकाले लिनुपर्ने बताएका छन्। स्थानीय जनकलाल ऋषिदेवले भने- 'वर्षौंदेखि बस्दै आए पनि सडक विस्तार गर्दा लाग्ने जमिन भने हामीहरू दिन तयार छौं।'

'तर सडक विस्तारका नाममा बिनाविकल्प बस्ती नै भत्काउने तयारी गरिएपछि हामीहरू आन्दोलनमा उत्रिएका हौं। उनले प्रश्न गरे- 'हाम्रा लागि आएका स्थानीय जनप्रतिनिधिले हाम्रो बास कसरी उजाड बनाउन सक्छन्?' अर्को कुनै विकल्प नदिई ३५ दिनको सूचना जारी गरिनु आफूमाथिको अन्याय भएको उनीहरूको गुनासो छ। गत वर्ष डुबानमा परेको सुकुम्बासी बस्तीमा भर्खर मात्रै नयाँ टहरा बनाएर उनीहरू बसेका छन्। ४० घरपरिवारमा रहेका सुकुम्बासी बर्खाको समय आइसकेकाले महानगरपालिकाले भत्काउने सूचना



जारी गरेसँगै चिन्तित पनि बनेका छन्।

यता प्रदेश सांसद केदार कार्कीले भने महानगरपालिका र सम्बन्धित पक्षसँग कुराकानी गरेर उचित व्यवस्थापनमा जोड दिने बताएका छन्। उनले भने- 'सडक विस्तारलाई पनि निरन्तरता दिँदै मध्यमार्गी बाटो अपनाउन पहल गर्नेछु।' विराटनगर-१२ का वडाध्यक्ष हीरालाल कामतले व्यवस्थापन गरेर मात्र अगाडि बढ्ने आश्वासन दिएका छन्।

यता महानगरपालिकाका प्रमुख भीम पराजुलीले सडक मापदण्डभित्रका घरटहरा भत्काउने बताउँदै सुकुम्बासी बस्तीको व्यवस्थापनका लागि उचित पहल गर्ने बताए। वर्षौंदेखि बस्दै आएका सुकुम्बासीलाई महानगरपालिकाले व्यवस्थापन गरेर मात्रै अगाडि बढ्नु उपयुक्त हुने देखिएको उनको भनाइ छ।

**श्री भगवानथुम्की सामुदायिक वन उपभोक्ता समूह**
वनेपा १० काभ्रेपलाञ्चोक
**काठ लिलाम बिक्री सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति: २०७५।०३।०७)

यस समूहको सा.व. क्षेत्रबाट यस आ.व.२०७४/०७५ मा नियमानुसार संकलन तथा घाटगद्दी भई उपभोक्ता भित्र खपत हुन नसकेको गोलिया काठको ६ गोटा लट तयार गरी खोटेसल्ला जातको थान २३९९ को ४३१८.१६ क्यू.फि. र चिलाउने जातको थान ४ को ४.९३ क्यू.फि. गरी जम्मा थान २४०३ को ४३२३.०९ क्यू.फि.गोलिया काठ नियमानुसार समूह बाहिर लिलाम बिक्री गर्न मिति २०७५।०३।०७ गते २१ दिने यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र काठको कारोबार गर्ने इजाजत प्राप्त इच्छुक काष्ठ व्यवसायी वा फर्मले दरभाउ पत्र खरिद गरी यस समूहमा गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु यो सूचना प्रकाशित गरिएको छ। साथै अन्य विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तिपुर**
**आधिकारिकता यकिन गर्ने सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति : २०७५।०३।०७

यस केन्द्रको अनुसन्धान अस्पतालमा रहेको Neusoft Company को Ct Scan Model : Neuviz 16 को लागि UPS, Battery आवश्यक आपूर्ति तथा जडानका लागि नेपाल स्थित उक्त कम्पनीको आधिकारिक विक्रेता RB Merchant Pvt Ltd अलावा अन्य कोही भए यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आधिकारिकताको प्रमाण सहित निवेदन आव्हान गरिन्छ।

**Invitation for Bids**

**First Date of Publication: June 21, 2018 / Asar 7, 2075 BS**

Himshikhara Socio Cultural Society invites bids from eiligible registered Contractor/ Supplier for the Construction works of "The Sarangkot Nestling Trust Home", project under the HISCUS Sustainable Initiative program.

Eligible Bidders may obtain further information by collecting the bidding document from the office of the Employer. The last date of Submission of bidding will 7 days from the date of first date of publication.

**Himshikhara Socio Cultural Society**
Panipokhari-3, Kathamandu
**Phone No:** 014439097
**Email:** himshikhara1998@gmail.com